कर्णाली प्रदेशसभा नियमावली, २०७९ को नियम ११७ को उपनियम (२) बमोजिम

## विधेयकमा संशोधन प्रस्तावको विवरण

विधेयकको नामः कर्णाली प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

(दर्ताको क्रमानुसार संशोधन प्रस्तावकर्ताको क्रम निर्धारण गरिएको)

| क्र.सं. | माननीय सदस्यको नाम |
|---|---|
| १. | मा० हिक्मतबहादुर विष्ट |
| २. | मा० जानकी सिंह |
| ३. | मा० जीवनबहादुर शाही |
| ४. | मा० विजया वुढा र मा० पूर्ण बहादुर खत्री |
| ५. | मा० यामलाल कंडेल, मा० विनोद कुमार शाह, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल |
| ६. | मा० विन्दमान विष्ट |

### दफाक्रमानुसार मिलाइएका संशोधन प्रस्तावहरू

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | संशोधनको व्यहोरा | संशोधनको कारण/कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | | |
| १. | मा० हिक्मतबहादुर विष्ट | २ | | ङ | | ..........थुनामा रहेको व्यक्ति वा अपहरणमा परेको व्यक्ति........... | अपहरणमा परेको व्यक्तिलाई समेट्न |
| २. | मा० विन्दमान विष्ट | ४ | | १ | | ....... प्रत्येक नागरिकलाई भन्ने शब्द पछाडि भएको प्रहरी सेवा प्राप्त गर्ने भन्ने शब्दहरू हटाउने | |
| ३. | मा० यामलाल कंडेल, मा० विनोद कुमार शाह, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | ४ | | ख | | "प्रहरी प्रदेश प्रहरी प्रधान कार्यालय" को प्रदेश भन्दा अगाडिको "प्रहरी" शब्द हटाउने। | आवश्यक नभएकोले। |
| ४. | मा० विन्दमान विष्ट | ४ | | ख | | .... नागरिकको पछाडीको प्रहरी भन्ने शब्द र ... प्रहरीको | सबै प्रदेश प्रहरीको कार्यालयमा सहज पहुँच |

सभामुख



Scanned with CamScanner

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | संशोधनको व्यहोरा | संशोधनको कारण/कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | | |
| | | | | | | पछाडिको प्रधान भन्ने शब्द हटाउने | हुनु पर्ने भएकाले |
| ५. | मा० विन्दमान विष्ट | ४ | | घ | | ... सम्बन्धमा पछाडी प्रदेश प्रहरी कार्यालयमा भन्ने शब्द राख्ने | |
| ६. | मा० यामलाल कंडेल, मा० विनोद कुमार शाह, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | ४ | | ङ | | 'प्रहरी प्रदेश प्रहरी प्रधान कार्यालय' हर्टाई, 'प्रहरी कार्यालय' लेख्ने। | सबैलाई सम्बोधन गर्ने भएकाले। |
| ७. | मा० विन्दमान विष्ट | ४ | | ङ | | ... सूचनाको पछाडी प्रदेश प्रहरी कार्यालयमा भन्ने शब्द हुनु पर्ने | |
| ८. | मा० हिक्मतबहादुर विष्ट | ४ | | ट पछि ठ | | प्राकृतिक प्रकोप तथा अन्य विपत्तिमा परेको बेला र अरु संकटका बेला नजिकको प्रहरीलाई सूचना गरेपछि यथाशक्य छिटो/अविलम्ब उद्दार र सहयोग प्राप्त गर्ने | विलम्बका कारण घटना घट्न अपाओस् भन्नका लागि खण्ड (ठ) थप्नुपर्ने |
| ९. | मा० यामलाल कंडेल, मा० विनोद कुमार शाह, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | ५ | ५ | | | पूरै हटाउने। | उपदफा १ मा उक्त व्यवस्था भएकाले। |
| १०. | मा० हिक्मतवहादुर विष्ट | ५ | ६ | | | .......... जिल्ला स्थित कार्यालय तथा प्रहरी इकाई रहने छन। | जिल्ला जिल्लामा प्रदेश प्रहरीका संरचना ऐनमा नै व्यवस्था गर्न। साथै (रेस्क्यु फोर्स) गठन गर्न। |
| ११. | मा० यामलाल कंडेल, मा० विनोद कुमार शाह, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | ६ | २ | ग | | केनाईन र संगित उपसमूह थप्नुपर्ने। | छुट्न गएकाले। |
| १२. | मा० विन्दमान विष्ट | ७ | १ | ग | १ | श्रेणी विहीन कर्मचारीको हकमा स्तर निर्धारण गर्नु पर्ने। | सेवा अवधी भए एउटै स्तरमा हुंदा राम्रो नहुने |
| १३. | मा० यामलाल कंडेल, मा० विनोद कुमार शाह, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | ९ | ५ | | | यसको वाक्यमा रहेको 'माथिल्लो प्रहरी' लेखेका शब्द हटाउने। | आवश्यक नभएको। |

सभामु र.

Scanned with CamScanner

| क.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | संशोधनको व्यहोरा | संशोधनको कारण/कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | | |
| १४. | मा० विन्दमान विष्ट | ९ | ५ | | | ... कार्य गर्दा भन्ने शब्दको पछाडी रहेको "माथिल्लो प्रहरी" भन्ने शब्द हटाउने अभिलेखालय सम्बन्धी कानूनी व्यवस्था थप गर्नुपर्ने | |
| १५. | मा० हिक्मतबहादुर विष्ट | ११ | १ | | | प्रदेश प्रहरी सेवाको प्रमुख प्रहरी नायब महानिरीक्षक हुनेछ र निजको नियुक्ति प्रदेश प्रहरी ऐन बमोजिम हुनेछ। | प्रदेश प्रहरीलाई प्रदेश सरकार प्रति पूर्ण रूपले बफादार र जिम्मेवार बनाउन र दफा ११ (३) सँग मेल खाने बनाउन वा विरोधाभाषी हुन नदिन |
| १६. | मा० यामलाल कंडेल, मा० विनोद कुमार शाह, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | ११ | १ | | | प्रहरी नायव महानिरीक्षकको सट्टा 'प्रहरी अतिरिक्त महानिरीक्षक' राख्ने। | सुरक्षा समन्वय गर्न सहज हुने |
| १७. | मा० यामलाल कंडेल, मा० विनोद कुमार शाह, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | ११ | ५ | | | पूरै हटाउने। | तालिम समापन भएपछि शपथ लिईसकेको अवस्था हुने हुनाले। |
| १८. | मा० हिक्मतबहादुर विष्ट | १३ | १ | ङ | | द्वन्द्व पीडित भन्ने शब्द शुरुमा थप्नुपर्ने | सबै खाले पिडीतहरूलाई समेट्न। |
| १९. | मा० जीवन बहादुर शाही | १३ | १ | ङ | | मूल विधेयकमा रहेको "सहिद" भन्ने शब्दावली पश्चात देहायबमोजिमको शब्दावलीलाई थप गर्ने।<br>"विस्थापित" | द्वन्द्व पीडित भित्र विस्थापित परिवार समेत पर्ने भएको हुँदा छुटेकाले। |
| २०. | मा० विजया बुढा र मा० पूर्ण बहादुर खत्री | १३ | १ | ङ | | मूल विधेयकमा रहेका देहाय बमोजिमका शब्दावलीहरू झिक्ने।<br>"बेपत्ता, सहिद र" | मुल संविधानको खिलापमा हुने भएकोले। |
| २१. | मा० हिक्मतबहादुर विष्ट | १३ | १ | १ | | खस आर्य एउटा जातिगत समुदाय भएकोले यसलाई आर्थिक अवस्थाका कोणबाट परिभाषित नगरी सबै खस आर्य जातिलाई समान अवसर दिनुपर्ने। | जातिगतरूपमा समानता कायम गर्न |
| २२. | मा० यामलाल कंडेल, मा० विनोद | १३ | १ | | | स्पष्टीकरण शीर्षकको उपदफा (१) पुरै हटाउने। | आवश्यक नभएको। |

सभामुख ३

| क.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | संशोधनको व्यहोरा | संशोधनको कारण/कैफियत |
|---|---|---|---|---|---|---|---|
| | कुमार शाह, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | | | | | | |
| २३. | मा० विजया बुढा र मा० पूर्ण बहादुर खत्री | १३ | ४ | (क) र (ख) | | मूल विधेयकमा रहेको देहायबमोजिमका खण्डहरू झिक्ने। "क र ख" | मूल विधेयकबाट बेपत्ता र सहिद भन्ने शब्दहरूलाई झिकिएकाले। |
| २४. | मा० यामलाल कंडेल, मा० विनोद कुमार शाह, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | १९ | १ | क | | प्रहरी वरिष्ठ उपरीक्षक बनाउने। | वाक्यमा शब्द अगाडी/पछाडी भएकाले। |
| २५. | मा० यामलाल कंडेल, मा० विनोद कुमार शाह, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | १९ | १ | | | तर, समायोजन भई आएका कर्मचारीमा यो व्यवस्था लागू हुने छैन्। | थप गर्नुपर्ने। |
| २६. | मा० यामलाल कंडेल, मा० विनोद कुमार शाह, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | २३ | १ | | | यसलाई छलफलको विषय बनाउनु पर्ने। | छलफलको विषय बन्ने भएकाले। |
| २७. | मा० यामलाल कंडेल, मा० विनोद कुमार शाह, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | ३४ | ४ | | | यसमा भएको व्यवस्थाको सट्टा 'बढुवा प्रयोजनको लागि कार्यसम्पादन मूल्याङकनको अंक गणना गर्दा पछिल्लो तीन वर्षको मूल्याङकन' फारमको अंकको औषतबाट गरिने छ। | तीन वर्षको मूल्याङ्कन व्यावहारीक हुने भएकाले। |
| २८. | मा० यामलाल कंडेल, मा० विनोद कुमार शाह, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | ४४ | | क | | प्रहरी नायव महानिरीक्षकदेखि र सम्मको वाक्यांश हटाउने। | सरुवा गर्ने अधिकार केन्द्रसँग रहेकाले। |
| २९. | मा० यामलाल कंडेल, मा० विनोद कुमार शाह, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | ४६ | | | | दफा ४६ लाई देहाय अनुसार लेख्ने। प्रदेशमा रहने प्रहरी कर्मचारीको सञ्चालन र रेखदेख गर्ने प्रयोजनका लागि एक प्रदेश प्रहरी प्रधान कार्यालय रहनेछ। | भाषा मिलान गर्नुपर्ने। |

सभामुख

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | संशोधनको व्यहोरा | संशोधनको कारण/कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | | |
| ३०. | मा० विजया बुढा र मा० पूर्ण बहादुर खत्री | ४७ | १ | | | मूल विधेयकमा रहेको "पर्नेछ" भन्ने शब्दावली पश्चात देहाय बमोजिमका शब्दावलीहरू थप्ने।<br>"तर गर्भवती र एक बर्षसम्मको बच्चा भएका महिला प्रहरी कर्मचारीको हकमा सुगमता अपनाउनु पर्ने छ।" | गर्भवती र एक बर्षसम्मका वच्चा भएका महिला प्रहरी कर्मचारीको स्वास्थ्य अवस्था तथा प्रजनन अधिकार लगायतलाई मध्यनजर गर्नु पर्ने। |
| ३१. | मा० यामलाल कंडेल, मा० विनोद कुमार शाह, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | ४७ | १ | | | यसमा रहेको 'नियमित ड्युटिमा रहेको अवस्थामा बाहेक सामान्यतयाः लेखिएको ठाउँमा नियमित ड्युटिमा रहेको अवस्थामा बाहेक प्रहरी कर्मचारीलाई सामान्यतयाः जगेडामा रहको मानिनेछ। लेख्नुपर्ने। | भाषा मिलाएर स्पष्ट पार्न। |
| ३२. | मा० यामलाल कंडेल, मा० विनोद कुमार शाह, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | ४७ | २ | | | यसमा उल्लेख भएका 'प्रहरी अधिकृत तथा जवानको सट्टा' 'प्रहरी कर्मचारी' शब्द राखिनुपर्ने। | भाषा छनौट मिलाउनुपर्ने। |
| ३३. | मा० यामलाल कंडेल, मा० विनोद कुमार शाह, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | ४८ | २ | | | यसमा लेखिएको सट्टा प्रत्येक अपराध अनुसन्धानका लागि प्रहरी स्वतन्त्र रहनेछ। | छलफलका लागि। |
| ३४. | मा० यामलाल कंडेल, मा० विनोद कुमार शाह, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | ५८ | १ | | | यसमा भएको उमेर सम्बन्धी व्यवस्थामा देहाय बमोजिम गर्नुपर्ने।<br>-प्रहरी नायव उपरीक्षक -५७ वर्ष<br>-प्रहरी निरीक्षक -५६ वर्ष<br>-प्रहरी वरिष्ठ हवल्दार -५१ वर्ष<br>-प्रहरी हवल्दार -५० | आर्थिक भार र सेवाका हिसावले उपयुक्त हुने। |
| ३५. | मा० हिक्मतबहादुर विष्ट | ६९ | | | | ...........यातना दिन हुँदैन। तर हुलदंगा नियन्त्रण गर्ने क्रममा चोटपटक लाग्न गएमा यातना दिएको मानिने छैन। | असल नियतले गरेको कामको बचाउ गर्न। |
| ३६. | मा० हिक्मतबहादुर विष्ट | ७८ | | | | ............ लैंगिक संवेदनशील हुनुपर्ने<br>स्पष्टीकरण: | स्पष्टताका लागि |

सभामुख

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | संशोधनको व्यहोरा | संशोधनको कारण/कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | | |
| | | | | | | लैंगिक संवेदनशिलता भन्नाले गैरकानुनी, अनुचित, अस्वभाविक र अमर्यादित यौनजन्य कार्यलाई जनाउँदछ। | |
| ३७. | मा० हिक्मतबहादुर विष्ट | १०० | १ | | | प्रदेशमा हुने अपराध नियन्त्रण अपराध अनुसन्धान | अपराध नियन्त्रण भन्ने शब्द आवश्यक भएकोले |
| ३८. | मा० जानकी सिंह | १०१ पछि दफा थप गर्ने १०२ | | | | विधेयकको दफा १०१ पछि देहायवमोजिमको दफा १०२ थप गरी दफा क्रम मिलाउने<br>१०२ महिला प्रहरीलाई विशेष सुविधाः<br>(१) महिला प्रहरी अशक्त, बिरामी, सुत्केरी, गर्भवती र कम्तिमा २ बर्षको शिशु/बच्चा रहेको महिला प्रहरी असहज र जोखिम काममा नलगाई सरल र स्वास्थ्य सुहाउँदो डिउटीमा खटाउने।<br>(२) महिला प्रहरी कर्मचारीलाई हिंसाजन्य अपमानजनक बोलीबचन र व्यवहार गर्न नहुने। | महिला प्रहरी कर्मचारीलाई कार्यमा सहजता प्रदान गर्न उपयुक्त हुने भएकोले। |
| ३९. | मा० यामलाल कंडेल, मा० विनोद कुमार शाह, मा० टेकराज पछाई र मा० जीतबहादुर मल्ल | १०४ | ४ | | | यस दफालाई यसरी लेख्ने 'समितिको कार्यक्षेत्र र कार्यअवधि तोकिए बमोजिम हुनेछ। | भाषा मिलान गर्नुपर्ने। |

क्र. सं. १ देखि ३९ सम्मका संशोधन प्रस्तावहरू छलफलका लागि स्वीकृत गर्दछु।

सभामुख
(नन्दा गुरुङ्ग)
सभामुख
कर्णाली प्रदेशसभा, कर्णाली प्रदेश
मिति: २०८०/०५/०८

प्रदेश सभा कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत



Scanned with CamScanner